# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०१।१४ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०१।१३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | टिकाराम रेग्मी र छविराम शर्मा (वि.अ. को मु.नं. ०७५-CR-०२०४), वि.अ. को फैसला मिति २०७९।०८।२७) | सरकारी/ सार्वजनिक सम्पत्तिको बदनियतसाथ हिनामिना गरी भ्रष्टाचार गरेको। | प्र. टिकाराम रेग्मी र छविराम शर्माः भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ. ऐन को दफा ३(१)(घ) बमोजिम सजाय हुन । | **फैसलाः**<br>प्रतिवादी टिकाराम रेग्मीको हकमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम बिगो रु.१,३४,०००।— कायम गरी सोही ऐनको दफा ३(१)(घ) बमोजिम कसूरको मात्रा अनुसार ६ महिना कैद र बिगो बमोजिम जरिवाना तथा बिगो निजवाट असुलउपर हुन। अर्का प्रतिवादी छविराम शर्माका हकमा उक्त ऐनको दफा १७ बमोजिम बिगो रु.२,९४,५००।—(दुई लाख चौरानव्वे हजार पाँचसय रुपैया) कायम गरी दफा ३(१)(घ) बमोजिम कसूरको मात्रा अनुसार ७ महिना कैद र बिगो बमोजिम जरिवाना तथा बिगो निजवाट असुल उपर हुने ठहर्छ। बिगो तर्फको बाँकी दावीपुग्न सक्दैन।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रतिवादीहरुको औठाछाप परीक्षण गर्ने बिशेषज्ञहरुले परीक्षणका लागि प्राप्त हुन आएका विवादस्पद औठाछाप आफूहरुले परीक्षण गरेको र टिकाराम रेग्मीले वितरण गरेको रकमको भरपाईमा लगाईएको ल्याप्चे छाप र निजको नमुना औठाछाप एकै व्यक्तिको एकै औलाको औठाछाप रहेको, स.ले.पा. छविराम शर्माको नमूना औठाछाप र भरपाईमा लगाईएको विवादस्पद ल्याप्चे छाप दायाँ हातको बुढी औलाको औठाछापसँग मेल खाएको भनी प्रतिवेदन समर्थित बकपत्र गरेको।<br>• प्रतिवादी छविराम शर्माको बिगो कायम गरिएको रकम रु.१,५२,५७०।— का सम्बन्धमा पेश्की रकम लिने व्यक्तिले कानुन बमोजिम फर्छ्यौट गरी फर-फारक गरी लिन सक्ने तथा पेश्की फर्छ्यौट नगरेमा निजवाट कानुन बमोजिम असुल उपर गरिने नै हुँदा उक्त कार्यलाई भ्रष्टाचारजन्य कसुर कायम गर्न मिल्ने नदेखिदा सो हदसम्म आरोपदावी पुग्न सक्ने देखिएन। | • अदालत समेत उक्त कुरामा सहमत भै सकेको अवस्थामा आरोप मागदावी बमोजिमनै बिगो कायम गरिनुपर्नेमा जम्मा रु.१,३४,०००।— कायम गरिनु त्रुटीपूर्ण रहेको,<br>• बाँकी रकम फछर्यौट गर्न कुनै पहलकदमी नगरी अदालतमा समेत उपस्थित नभई म्याद गुजारी बसेको अवस्थामा निज प्रतिवादीवाट उक्त रकम असुल हुन सक्ने अवस्था नरहेको,<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को (ङ) मा कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजनिक संस्थालाई पुग्न गएको हानिनोक्सानी भराउन सकिने कुनै कानुनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हने छैन भन्ने कानूनी व्यवस्था रहेको,<br>• भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रुपमा देखिनु पर्ने भनी सिद्धान्त प्रतिपादन भएको। |